## आ.व.२०८१/०८२, मिति २०८१/११/०६ गते, गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. गाउँ सभा सम्बन्धमा।

२. अध्यक्षकप खेलकुद प्रतियोगिता सम्बन्धमा।

३. विविध सम्बन्धमा।

(१) पुलको डि.पि.आर., खानेपानी डि.पि.आर., विद्यालयहरुको ड्रइङ्ग डिजाइन स्वीकृत तथा अनुमोदन सम्बन्धमा।

(२) गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) स्वीकृत सम्बन्धमा।

(३) विषयगत शाखाका विषयहरु सम्बन्धमा।

(४) वडाका लगायत अन्य प्रस्तावहरु सम्बन्धमा।

## आ.व.२०८१/०८२, मिति २०८१/११/०६ गते, गाउँ कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय १ :** यस कुमाख गाउँपालिकामा बाह्रौँ कार्यपालिका बैठकबाट गाउँ सभा १७औँ अधिवेशनको समयतालिका तय भएकोमा यस बैठकबाट तपसिलको संशोधन समय तालिका अनुसार सम्पन्न गर्ने।

**तपसिल**

| क्र.सं. | विवरण | मिति | समय | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १. | गाउँ सभाको १७औँ अधिवेशन कार्यक्रम | २०८१।११।१३ गते मंगलबार | बिहान ११ :०० बजे | कुमाख गाउँपालिका सभाहल रागेचौर, सल्यान | |

**निर्णय २ :** यस कुमाख गाउँपालिकाबाट मिति २०८१।११।०७ गते देखि संचालन हुने गाउँपालिका अध्यक्षकप सबै कार्यपालिका सदस्यहरु आ-आफ्नो जिम्मेवारी बमोजिम सौहार्दपुर्ण वातावरणमा सम्पन्न गर्ने।

**निर्णय ३ (१) :** यस कुमाख गाउँपालिकाको आ व २०८१।०८२ मा संचालित तपसिलका योजना/कार्यक्रमहरुका डि.पि.आर तथा ड्रइङ डिजाइनहरु स्वीकृत तथा अनुमोदन गर्ने।

**तपसिल**

१. शान्ति बजार मर्म खोलामा कलबाट पुल निर्माण-डि.पि.आर

२. नैनथला खानेपानी आयोजना (संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान)-ड्रइङ डिजाइन

३. श्री कालिका आ. वि. सेरागाउँ भवन निर्माण कुमाख गा. पा. ६ सल्यान (प्रदेश समपुरक अनुदान)- डि.पि.आर

४. श्री प्रचलित स्मृति आ. वि. खोरेखोला भवन निर्माण, गा. पा. ५ सल्यान (प्रदेश समपुरक अनुदान)-ड्रइङ डिजाइन

**निर्णय ३ (२) :** यस कुमाख गाउँपालिकामा मिति २०८१/०९/२५ गते बसेको दशौँ गाउँ कार्यपालिका बैठकबाट गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माणको लागि ३० दिने सूचना प्रकाशन गरिएकोमा रितपूर्वक प्राप्त भएका निवेदनहरु उपर सिफारिस समिति गठन भएकोमा उक्त समितिको सिफारिस निर्णय सहित यस बैठकमा पेस भएकोमा गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) मा आवश्यक संशोधन गरी स्वीकृत गर्ने।

**निर्णय ३ (३) :** यस गाउँ कार्यपालिकाको कार्यालयको विषयगत शाखाका तपसिलका योजना तथा कार्यक्रमहरु संशोधन तथा रकमान्तर आगामी गाउँसभाबाट अनुमोदन हुने गरी गर्ने।

**तपसिल**

| क्र. स. | पालिका /वडा/शाखा | योजना/कार्यक्रम को संसोधन गरिने शीर्षक | विनियोजित बजेट | योजना/कार्यक्रमको संसोधनबाट कायम हुने शीर्षक | बजेट संसोधन/रकमान्तर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पालिका | आ.व.२०८१/०८२ को ठेक्काबाट मौज्दात रकम | | नारायण मा.वि. रुमालगाउँमा रङ्गरोगन | रु.१५००००/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | स्वास्थ्य शाखा | उत्तर प्रसुति सेवाका लागि नर्सिङ कर्मचारीहरुलाई आवश्यक सामग्री, यातायात तथा उत्तर प्रसुति कार्यक्रम समिक्षा र गर्भवति महिलालाई प्रसुतिका लागि स्वास्थ्य संस्था ल्याए वापत म.स्वा.स्वयं.से. लाई यातायात खर्च | रु.४०००००/- | उत्तर प्रसुति सेवाका लागि नर्सिङ कर्मचारीहरुलाई आवश्यक सामग्री, यातायात तथा उत्तर प्रसुति कार्यक्रम समिक्षा र गर्भवति महिलालाई प्रसुतिका लागि स्वास्थ्य संस्था ल्याए वापत म.स्वा.स्वयं.से. लाई यातायात खर्च र नर्सिङ कर्मचारीहरुका लागि एम एन एच अनसाइड कोचिङ्ग (MNH Onside Coaching) | रु.४०००००/- | |
| ३ | | गर्भवती महिलालाई नुन, साबुन तथा अन्य सरसफाई सामग्री वितरण | रु.४०००००/- | गर्भवती महिलालाई नुन, साबुन तथा अन्य सरसफाई सामग्री वितरण | ३०००००\|- | |
| | | | | खोप तथा औषधी ढुवानी | रु.१०००००/- | |
| ४ | कृषि विकास शाखा | प्रत्येक वडामा कृषि सेवा उपकेन्द्र स्थापना तथा कर्मचारी व्यवस्थापन | रु.३५००००० /- | कृषि सेवाका एक गाउँ एक प्राविधिकहरुको तलब भत्ता | रु.३५०००००/- | |
| ५ | | साझेदारीमा आधारित एक स्थानीय तह एक बाली बस्तु उत्पादन कार्यक्रम | रु.५०००००/- | ८० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल बितरण कार्यक्रम | रु.४४००००/- | |
| | | | | कृषि सेवाका एक गाउँ एक प्राविधिकहरुको तलब भत्ता | रु.६०००० | |
| ६ | पशु विकास शाखा | प्रत्येक वडामा पशु सेवा उपकेन्द्र स्थापना तथा कर्मचारी व्यवस्थापन | रु.३५००००० /- | पशु सेवाका एक गाउँ एक प्राविधिकहरुको तलब भत्ता | रु.३५०००००/- | |
| ७ | | व्यावसियिक कृषक प्रोत्साहन | रु.२०००००/- | तिन वा तिन भन्दा बढी माउ भैसी पालक कृषक प्रोत्साहन कार्यक्रम | रु.२०००००/- | |
| ८ | | पशुपन्छी भ्याक्सिन सुरक्षाको लागि इन्भटर ब्याट्री तथा स्टेपलाइजर व्यवस्थापन कार्यक्रम | रु.१०००००/- | तिन वा तिन भन्दा बढी माउ भैसी पालक कृषक प्रोत्साहन कार्यक्रम | रु.५००००/- | |
| | | | | पशु सेवाका एक गाउँ एक प्राविधिकहरुको तलब भत्ता | रु.५००००/- | |

**निर्णय ३ (४) :** यस कुमाख गाउँपालिका वडा नं. ४ मा रहेको श्री जनकल्याण आधारभुत विद्यालय कुमाख गा.पा. ४ कोत्री सल्यानको हालको विद्यालय भवन जिर्ण अवस्थामा भएकोले पठन पाठनमा समेत कठिनाई हुन गएकोले उक्त विद्यालयको लागि जग्गा दानमा लिने र सो जग्गामा फिल्ड व्यवस्थापनको लागि आगामी गाउँ सभाबाट आवश्यक रकम विनियोजन गर्ने ।

**निर्णय ३ (५) :** यस कार्यपालिका बैठकमा पेस भएका कार्यविधि तथा विधेयकहरु आगामी कार्यपालिका बैठकमा विधायन समिति मार्फत कार्यपालिका बैठकमा पेस गर्न लगाउने र गाउँ सभाको १७औँ अधिवेशनमा पारितको लागि पेस गर्ने

**आजको बैठक सौहार्दपुर्ण वातावरणमा सम्पन्न भयो ।**